नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
#८७
३१ भदौ २०७७

**२०७७ बैशाख १ देखि भदौ ३० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २७१ | ६५ | २०६ | ३९ | ३६ | ११ | ६४ | ० | २०३ | **३७४** | **१०१** | **४२०** |

**२०७७ जेठ ३० मनसुन सुरु भएदेखि भदौ ३० गते सम्मका विपद्का मुख्य घट्नाहरुको विवरण**

| पहिरो | | | बाढी | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते | मृत्यु | बेपत्ता | घाइते |
| २६९ | ६५ | २०५ | ३६ | ३५ | ९ | ३४ | ० | ८४ | **३३९** | **१००** | **२९८** |

**२०७७भदौ ३० देखि ३१ गते विहान १० बजेसम्म मृत्यु भएकाहरुको विस्तृत विवरण**

| पहिरो | | | अविरल वर्षा | | | चट्याङ्ग | | | कुल जम्मा | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| १ | ० | **१** | ० | ० | **०** | १ | १ | **२** | २ | १ | **३** |

# दैनिक विपद् बुलेटिन

३० भदौ विहान१०:००बजेदेखि ३१ भदौ बिहान१०:००बजेसम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरी **४** स्थानमा **चट्याङ्ग, २** स्थानमा **पहिरो, २** स्थानमा **अबिरल वर्षा, २** स्थानमा **आगलागी, १** स्थानमा **सर्पदंश, १ भुकम्प**का घटना घटेका छन् । यी घटनामा परेर **३** जनाको **मृत्यु, ३** जना **घाईते,** भएका छन् । यी घटनाबाट **१२ लाख ९७ हजार रुपैंया** बराबरको धनमाल क्षति


| मृत्यु संख्या | हराएको | घटना संख्या | घाइते | अनुमानित क्षति रु | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| ३ | ० | १२ | ३ | १२,९७,००० | ० | ५ |

## घट्ना सारांश

- **मुलुकभर** गएको २४ घण्टामा विपद्का १२ वटा घट्ना भएका छन् ।
- सिन्धुपाल्चोकको थप बिवरण मिति २०७७।५।२८ गते बाह्रबिसे नगरपालिका वडा नं ७ स्थित नाकपुछे, भिमखर्क र नेवार टोलमा गरि जम्मा ३० वटा घर **पहिरोले** बगाउदा बेपत्ता भएका मध्ये बर्ष ३० की **१ महिलाको शव फेला । हालसम्म १५ जनाको मृत्यु, १६ जना बेपत्ता, ८ जना घाईते, ३० घर क्षति ।**
- **सुनसरी**को देवानगंज गाउँपालिका वडा नं ६ स्थित खेतमा माछा मार्ने क्रममा बर्षासंगै आएको **चट्याङ्ग**ले लागि **१ बालिका घाईते** भई उपचारको लागि लगेकोमा बाटोमा नै **मृत्यु** । धरान नगरपालिका वडा नं १ छाताचोक नजिकै एक चिया दोकानमा **आगलागी** हुँदा पसलको सामान जलि **१ लाख १० हजार रुपैंया** बराबरको क्षति र नजिकैको अर्को एक घुम्ती कपडा आईरन गर्ने पसल र कपडा जलि **१५ हजार रुपैंया** बराबरको क्षति ।

## घट्ना सारांश...

- **सिन्धुपाल्चोक**को बाह्रबिसे नगरपालिका वडा नं ९ राम्चे केन्द्रबिन्दु भएर मिति २०७७।५।३१गते बिहान ५:१९ मिनेटमा ६.० ML को **भुकम्प** गएको छ । भुकम्पबाट क्षतिको खबर प्राप्त नभएको ।




सिन्धुपाल्चोकको राम्चे केन्द्रविन्दु रहेको ६.० ML को भुकम्प आज २०७७ भाद्र ३१ गते बिहान ५.१९ मिनेटमा । स्रोतः राष्ट्रिय भुकम्प मापन केन्द्र)
An Earthquake of ML 6.0 occurred around of Sindhupalchok district, Nepal at 5:19 am on 16 September 2020.
Source: National Seismological Center

- **बारा**को जितपुरसिमरा उपमहानगरपालिका वडा नं १४ स्थित दुधौरा खोलामा टायर गाडामा बालुवा लोड गरिरहेको अवस्थामा अचानक **चट्याङ्ग** लागि **१ जना घाईते** भई स्थानीय डुमरवाना पोली क्लिनिकमा उपचारको क्रममा **मृत्यु,** अर्को **१ जना सामान्य घाईते** ।
- **मोरङ्ग**को सुनवर्सी नगरपालिका वडा नं ४ काँसिजनस्थित घरमा टेलिभिजन हेरीरहेको अवस्थामा **सर्पले बाँया खुट्टामा टोकी घाईते** ।रंगेली नगरपालिका वडा नं २ बिरनटोलस्थित एक घरको चुलोबाट अचानक **आगलागी** हुँदा भान्सा घर, भाडाबर्तन, ग्याँस सिलिण्डर र खसी १ वटा गरी **१ लाख रुपैंया** बराबरको क्षति।
- **सप्तरी**को कंकालनी नगरपालिका वडा नं १३ गोवरगाढामा अविरल वर्षासंगै परेको **चट्याङ्ग** लागि **१ जना सामान्य घाईते,** गोठघरमा रहेको २ वटा भैसीको मृत्यु भई **२ लाख रुपैंया** बराबरको क्षति ।
- **उदयपुर**को चौदण्डीगढी नगरपालिका वडा नं ६ स्थित एक गोठमा राती पानीसंगै परेको **चट्याङ्ग** लागि १ वटा भैंसीको पाडोको मृत्यु र विजुलीको मीटर बक्स समेत जली २० हजार र अर्को एक घरको मीटर बक्स र वायरिङ जली ३५ हजार गरी **५५ हजार रुपैंया** बराबरको क्षति ।
- **संखुवासभा**को खाँदबारी नगरपालिका वडा नं १ स्थित कवर्डहलको पुर्बपट्टीको पर्खाल अबिरल बर्षाको कारण **पहिरो** झरी भत्किई छानो समेत आशिक क्षति हुँदा **४ लाख रुपैंया** बराबरको क्षति ।
- **रौतहट**को गौर नगरपालिका वडा नं ४ टिकुलियास्थित एक घर **अबिरल वर्षा**को कारण पुर्णरुपमा भत्किदा **३ लाख रुपैंया** बरावरको क्षति ।
- **सर्लाही**को हरिपुर्वा नगरपालिका वडा नं ४ डुमरीयास्थित एक कच्ची घर **अविरल बर्षा**को कारण पुर्णरुपमा भत्किई १ वाटा बाख्राको मृत्यु हुँदा **१ लाख १७ हजार रुपैंया** बराबरको क्षति ।
- **चितवन**को ईच्छाकामना गाउँपालिका वडा नं ६ पैरेनीस्थित श्री राष्ट्रिय प्राथमिक विद्यालयमा अविरल बर्षाको कारण **पहिरो** आई स्कुलको १ कोठाको भवन र  शौचालय बगाएको ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट चट्याङ्ग र सर्पदंशका कारण घाईते भएकाको उद्धार गरी नजिकैको स्वास्थ्य उपचार केन्द्रमा पुर्याइएको, सिन्धुपाल्चोक लगायतका पहिरोमा परी बेपत्ता भएकाहरुको खोजी कार्य जारी, स्थानीयको सहयोगमा आगलागी पूर्ण रुपमा नियन्त्रणमा लिइएको ।

## वर्षाको सारांश

भदौ ३० गते बिहान ०८:४५ बजे देखि भदौ ३१ गते ०८:४५ बजे सम्म

आज मिति २०७७/०५/३१ गते बिहान ०८:४५ बजे १९८ वटा वर्षा मापन केन्द्रहरु(मानब संचालितः ६१ र स्वचालितः १३७) मा मापन गरिएको वर्षाको विवरण अनुसार १४१ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १) । उक्त केन्द्रहरु मध्ये सबैभन्दा बढी वर्षा (६९.६मि. मी.) कास्की जिल्लाको लुम्ले केन्द्रमा मापन गरिएको छ । वर्षा मापन भएका केन्द्रहरु मध्ये ७ वटा केन्द्रमा ५० मि. मी. भन्दा बढी, २८ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढी र ५५ वटा केन्द्रमा १० मि. मी. भन्दा बढी वर्षा मापन भएको छ ।




चित्र १: दैनिक वर्षा(छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)

**वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि <u>www.dhm.gov.np/climate/</u>मा हेर्नुहोस।**

## बाढी पूर्वानुमान

भदौ-३१ (बुधबार) (विहान ७ बजे देखि २४ घण्टा)

- आज कर्णाली, महाकाली र यसका सहायक नदीमा बहाव सामान्य घटबढ हुने तथा सवैमा बहाव सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।आज कोशी, नारायणी र यसका सहायक नदीमा बहाब बढ्दो हुने र सतर्कता तलै हुने तर कोशी जलाधारका केही स-साना सहायक नदीमा बहाब बढ्ने र केहीमा आकस्मिक बहाब भई सतर्कता पुग्न सक्ने पूर्वानुमान छ ।
- कोशीको मुख्य सहायक नदी तमोरमा बहाब बढ्दो हुने र सतर्कता आसपास हुने पूर्वानुमान छ ।
- आज पश्चिम राप्ती, बबई र यसका सहायक नदीमा बहाब सामान्य घटबढ हुने तथा सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।आज कन्काई, कमला, बागमती र यसका केही स-साना सहायक नदीमा बहाब बढ्ने तर सतर्कता भन्दा तलै हुने पूर्वानुमान छ ।
- आज प्रदेश १ को ईलाम, झापा, मोरङ, सुनसरी, पाचँथर, धनकुटा, उदयपुर, प्रदेश २ को बारा, पर्सा, रौतहट, सर्लाही, बागमती प्रदेशको दोलखा, रामेछाप, सिन्धुली, काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, काठमाडौं उपत्यका, मकवानपुर गण्डकी प्रदेशको गोरखा, लमजुङ, कास्की, तनहुँ, पर्बत, म्याग्दी, बागलुङ, स्याङ्जा, नवलपुर, प्रदेश ५ को परासी, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, कर्णाली प्रदेशको सल्यान, सुर्खेत, सुदूरपश्चिमको कैलाली र आसपास जिल्ला भई बहने केही स-साना नदी जलाधारमा क्षणिक मध्यम बर्षा भई बहाब केही बढ्ने र केहीमा आकस्मिक बहाब( Flash Flood) हुन सक्ने पूर्वानुमान छ ।

नोट: पहेलो रङले मध्यम जोखिम रहेको संकेत गर्छ । रातो रङले उच्च जोखिमको संकेत गर्छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/